# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
info@mandavimun.gov.np
E-mail{ mandavimun2073@gmail.com


सूचना ! सूचना ! ! सूचना ! ! !

(प्रथम पटक प्रकाशित मितिः २०७७/११/१४)

यस माण्डवी गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को प्रदेश सरकारबाट कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फ प्राप्त "साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम" सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक/कृषक समूह/सहकारी/व्यक्तिगत फर्म हरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले ३०दिन(मिति २०७७/१२/१४) भित्र आफुलाइ आबश्क पर्ने कृषि यन्त्र उपकरणहरुको माग सहित यस कार्यालयमा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**अनुदानका सर्तहरुः**

- कृषक/कृषक समूह/कृषि सहकारी/ व्यक्तिगत फर्महरुले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशले प्रकाशन गरेको सूचिमा पर्ने कृषि यन्त्र उपकरणहरुको मात्र माग गर्नुपर्ने छ।
- न्युनतम रु. ५,०००।- सम्मका स-साना आधुनिक कृषि औजार तथा यन्त्र उपकरण खरीद गर्न सकिनेछ।
- साना कृषि औजारहरुको अनुदान रकम विल अनुसारको रकममा ५० प्रतिशत नबढ्ने गरि रु. ३५,०००।- सम्मका दरले उपलब्ध गराइनेछ।
- प्रदेश सरकार बाट सूचिकृत कृषि यन्त्र उपकरण मध्ये रू. ७०,०००।- भन्दा माथिका यन्त्र उपकरण खरीद गर्न चाहेमा रु. ३५,०००।- भन्दा माथिको मुल्य कृषक स्वयमले व्यहोर्नु पर्ने छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१.निवेदन
२. नागरीकताको प्रमाणपत्रको प्रतिलिपी
३. वैदेशिक रोजगार बाट फर्केको भए पासपोर्टको प्रतिलिपी
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५.समूह/सहकारी को हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा निर्णयको प्रतिलिपी

.........................
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नोटः कृषि यन्त्र उपकरणहरुको सूचि तथा न्युनतम मुल्यको थप जानकारी यस माण्डवी गाउँपालिका कृषि विकास शाखा वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश,मुकाम बुटवलको वेबसाइट**http://molmac.p5.gov.np** बाट प्राप्त गर्न सकिने छ।